


# वागीश्वरी

## The Bagiswori




वर्ष:१३ ✹ अङ्क: १० ✹ मंगलबार, २२ पौष २०८१ ✹ Tuesday, 6 Jan 2025 ✹ मूल्य रु .५/-



### हार्दिक आभार

विश्वविद्यालय अनुदान आयोगबाट भक्तपुर जिल्लामै सामुदायिक कलेजहरूमा सर्वप्रथम गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (QAA - Quality Assurance and Accreditation) प्राप्त गर्न सफल भएकोमा सहयोगी सरोकारवाला सबै प्रति हामी हार्दिक आभार व्यक्त गर्दछौं

- वागीश्वरी कलेज परिवार


# वागीश्वरी कलेजलाई क्यूएए प्राप्त




भक्तपुर । विश्वविद्यालय अनुदान आयोग, भक्तपुरले भक्तपुरको वागीश्वरी कलेज र काठमाडौंको मनमोहन मेमोरियल इन्स्टिच्युट अफ हेल्थ साइन्सलाई गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (क्यूएए क्वालिटी एस्युरेन्स एन्ड एक्रेडिए6]सन) एक समारोहका बिच पुस २१गते प्रदान गरेको छ ।

आयोगको सभा कक्षमा आयोजित उक्त समारोहमा आयोगका अध्यक्ष देवराज अधिकारीले क्यूएए पाउन विगत दस वर्षदेखि निरन्तर धैर्यपूर्वक गरिएको प्रयास आफैमा ठुलो विषय हो भन्दै क्यूएए पाउनु क्षणिक आनन्दको विषय नभई यो उज्ज्वल भविष्यको सङ्केत भएको बताउनुभयो । दुवै कलेज आयोगबाट नजिकैको हुनाले नियमित अनुगमन गर्न सजिलो भएको चर्चा गर्दै उहाँले यसलाई निरन्तर कायम राख्नुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, “देशमा १४७५ वटा कलेजहरूमध्ये १०० वटाले मात्र क्यूएए पाएका छन्, अरू केही प्रक्रियामा छन् । वागीश्वरी कलेज क्यूएए पाउने भक्तपुरमै पहिलो सामुदायिक कलेज भएको छ । क्यूएए प्रत्येक पाँच वर्षमा पुन: प्रत्यायन लिनुपर्छ र लगातार तीन पटक प्रत्यायन लिए त्यो कलेजलाई डिम विश्वविद्यालयको मान्यता प्रदान गरिन्छ ।”

उहाँले देशका केही कलेजहरू डिम युनिभर्सिटीतिर उन्मुख रहेको जानकारी दिँदै यसतर्फ पनि दुवै कलेजले विशेष ध्यान दिनुहुनेछ भनी विश्वास व्यक्त गर्नुभयो । कार्यक्रमको सुरुमा आयोगका सचिव प्रा. शङ्करप्रसाद भण्डारीले स्वागत मन्तव्य राख्दै क्यूएए एउटा चरणमात्र हो, गुणस्तरको कुनै मापन हुँदैन, यसले निरन्तरता पाउनुपर्छ भन्नुभयो । कार्यक्रममा वागीश्वरी कलेज समकक्षी परीक्षण टोलीका संयोजक प्रा. डा. प्रेमराज पन्तले क्यूएए प्राप्त दुवै कलेजलाई बधाई दिँदै वागीश्वरी कलेज समुदायसँग अत्यन्त घनिष्ठ सम्बन्धका साथ अघि बढिरहेको नमुना सामुदायिक कलेज भएको बताउनुभयो ।

समुदायको संरक्षणमा कुनै पनि बन्द हडतालले यहाँको पढाइ प्रभावित नहुने चर्चा गर्दै उहाँले विगत तीन वर्षमा बनाएको भवन निर्माणले आफूलाई प्रभावित गरेको बताउनुभयो ।

वागीश्वरी कलेज भक्तपुरमा रहे पनि यहाँ देशका धेरै जिल्लाबाट विद्यार्थीहरू अध्ययन गर्न आएका छन् भन्ने कुरा मैले विद्यार्थीसँग अन्तरक्रियाबाट जानकारी पाएको पनि उहाँले बताउनुभयो । दुवै कलेजले आफ्नो सबल र दुर्बल पक्ष थाहा पाएको हुँदा आफ्नो सबल पक्षलाई कायम गरी दुर्बल पक्षलाई सकेसम्म न्यूनीकरण गर्दै लान निरन्तर प्रयास गर्न सुझाव दिँदै क्यूएए प्राप्त कलेजको अर्थ यसको गुणस्तरले अन्तर्राष्ट्रिय मान्यता पाउनु पनि हो, उहाँले भन्नुभयो ।

मनमोहन कलेजको समकक्षी परीक्षण टोलीका संयोजक प्रा.डा. गणेश गुरुङले क्यूएएले कलेजलाई दस्ताबेजीकरण गर्न सघाउने चर्चा गर्दै त्यसमा कन्जुस्याइँ नगर्न सुझाव दिनुभयो । उहाँले दुवै कलेजहरूलाई अन्तर्राष्ट्रिय सम्बन्ध बढाउन र अनुसन्धानमा विशेष जोड दिन सुझाव दिँदै शिक्षकमा अनुसन्धान संस्कृति भएमात्र विद्यार्थीले त्यो संस्कृति सिक्छन् भन्नुभयो ।

चिकित्साशास्त्र अध्ययन संस्थानका डिन मोहनराज शर्माले पनि शुभकामना मन्तव्य दिनुभएको उक्त कार्यक्रममा वागीश्वरी पीआरटीका सदस्य प्रा. डा. रेजिना मास्केले अनुगमनको क्रममा देखिएका कमीकमजोरीहरू औल्याएकोमा दु:ख दिएको नठानी दिनुहुन अनुरोध गर्दै कलेजको गुणस्तरको लागि दिएको सुझावको रुपमा ग्रहण गर्नुभएकोमा खुशी व्यक्त गर्नुभयो ।

वागीश्वरी कलेजका प्राचार्य धनकुमार श्रेष्ठले वागीश्वरीलाई क्यूएए प्रदान गर्नुभएकोमा आयोगप्रति हार्दिक आभार प्रकट गर्दै क्यूएएको लामो प्रक्रियामा आफूहरूले धेरै सिक्ने अवसर पाएको विचार व्यक्त गर्नुभयो । मनमोहन कलेजको व्यवस्थापन समितिका उपाध्यक्ष जीवनप्रकाश शर्माले मनमोहन कलेजलाई निजी भनिएकोमा गुनासो गर्दै कलेज सहकारी संस्थाद्वारा सञ्चालन भएको हुदा यसलाई पनि सामुदायिक कलेजकै रुपमा राखिदिन आग्रह गर्नुभयो । कार्यक्रममा सुमन पौडेल] बोल्नुभएको थियो ।




# ‘वागीश्वरी उत्सव, हाम्रो महोत्सव’ सम्पन्न

भक्तपुर । वागीश्वरी सर्कल, वागीश्वरी मावि, वागीश्वरी कलेज र वागीश्वरी कलेज अफ म्यानेजमेन्टद्वारा आयोजित दुईदिने वागीश्वरी उत्सव, हाम्रो महोत्सव २५ मङ्सिर गते सम्पन्न भयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले वागीश्वरी कलेज, वागीश्वरी माध्यमिक विद्यालय र वागीश्वरी कलेज अफ म्यानेजमेन्टको संयुक्त आयोजनामा विद्यार्थीहरूको शिक्षण सिकाइ, विज्ञान प्रविधि र उद्यमशीलताको भावना उजागर गर्न आयोजित दुईदिने ‘वागीश्वरी उत्सव, हाम्रो महोत्सव’ २०८१ को उद्घाटन गर्नुभएको थियो ।

कार्यक्रममा उहाँले महोत्सवमा विद्यार्थीको मेहेनत, परिश्रम र अनुशासन प्रदर्शन हुने बताउनुभयो । उहाँले भन्नुभयो, “गत वर्ष हामीले खाद्य महोत्सव गरेका थियौं भने यस वर्ष थप बृहत्तर रूपमा वागीश्वरी महोत्सव मनाउने प्रयास गरेका छौं । यसको अनुभवबाट सिकेर आगामी दिन थप परिमार्जनका साथ निरन्तरता दिने प्रयास गर्नेछौं । यो महोत्सवको सफलताले हामीलाई थप ऊर्जा प्राप्त गर्नेछौं । यसको तयारीमा लागेका सम्पूर्ण शिक्षक, विद्यार्थी, कर्मचारी, आयोजक समितिका पदाधिकारीलाई व्यवस्थापन समितिको तर्फबाट धन्यवाद दिन्छु ।”

उहाँले भन्नुभयो, “हाम्रो महोत्सव अविस्मरणीय बनोस्, सबैले आ-आफ्नो ठाउँबाट सक्दो योगदान गरौं, महोत्सव सफल पारौं ।”

वागीश्वरी विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवं भनपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र

बाँकी पृष्ठ २ॅमा

# कक्षा ८ का विद्यार्थीहरूको झ्व भ्वय् कार्यक्रम



भक्तपुर । वागीश्वरी मा वि कक्षा ८मा अध्ययनरत विद्यार्थीहरूको आयोजनामा ख्वपको पहिचान पाठ्यक्रमअन्तर्गत झ्व भ्वय् कार्यक्रम सम्पन्न पुस १९ गते सम्पन्न भयो ।

भक्तपुर नगरपालिकाद्वारा लागु गरिएको कक्षा ८ को ख्वपको पहिचान पाठ्यक्रमअन्तर्गत भक्तपुरकै विशिष्ट पहिचान भएको झ्व भ्वय्को बारेमा जानकारी दिने उद्देश्यले प्रयोगात्मक शिक्षण अभ्यासअन्तर्गत उक्त कार्यक्रम कमलविनायकस्थित यातु गणेश परिसरमा आयोजना गरेको हो ।

कक्षा ८ का करिब ३५० जना विद्यार्थीहरू र शिक्षकशिक्षिका गरी करिब ५०० जना सहभागी रहेको उक्त कार्यक्रमका प्रमुख अतिथि बागमती प्रदेश सभाका सदस्य सिर्जना सैंजूले हामीले जे खान्छौं त्यो हाम्रो सभ्यता रहेको र वर्तमान समयमा मानव सभ्यताको अध्ययन उनीहरूको भूगोगका साथै उनीहरूको खानपानबाट पनि भइरहेका जानकारी दिनुभयो । ख्वपको पहिचान पाठ्यक्रमअन्तर्गत रहेर झ्व भ्वय् हाम्रो पुर्खाले सृजना गरेको अमूर्त सभ्यतामध्ये एक रहेको बताउँदै उहाँले नेवार समूदायको सुख र दुःख दुवै अवस्थामा खाने झ्व भ्वय् संस्कार रहेको बताउनुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवम् भक्तपुर नगरपालिका ९ वडाका वडाध्यक्ष रवीन्द्र ज्याख्वले भक्तपुर नगरपालिकाका ख्वपको पहिचान पाठ्यक्रमअन्तर्गत रहेर आयोजना गरेको झ्व भ्वय् कार्यक्रमले नयाँ पुस्तालाई भक्तपुरको झ्व भ्वय्को संस्कार र संस्कृतिबारे जानकारी दिने बताउनुभयो । विद्यार्थी अवस्थामा सिकेका ज्ञान, सिप जीवनमा संस्कारका रूपमा रहिरहने हुँदा यस्ता कार्यक्रमको आयोजनाले व्यक्तित्व विकासमा सहयोग पुग्ने बताउनुभयो ।

कार्यक्रममा विद्यालयका प्रधानाध्यापक कृष्णप्रसाद कर्माचार्यले ख्वपको पहिचानका ८ वटा परियोजनामध्ये कक्षा ८मा अध्ययन गरिने पाठ्यक्रमअन्तर्गतको झ्व भ्वय् कार्यक्रम विद्यार्थीहरू स्वयमले अगुवाइ गर्दा शिक्षा सँगै श्रम र जिम्मेवारीले विद्यार्थीहरू थप सबल हुने विश्वास व्यक्त गर्नुभयो । विद्यार्थी जीवनमा सक्रिय भएर अतिरिक्त गतिविधिमा भाग लिँदा जीवनमा सफल भएको उदाहरण धेरै रहेको बताउनुभयो । कक्षा ८ का सम्पूर्ण विद्यार्थीहरू आफैले अगुवाइ गर्दै स्वयमबारे जानकारी लिन यो झ्व भ्वय्को आयोजना गरेकोमा ख्वपको पहिचान पढाउने शिक्षकहरू विद्यार्थीहरूलगायत अन्य सहयोगी शिक्षक कर्मचारीहरूलाई धन्यवाद दिनुभयो ।

कक्षा ८ का विद्यार्थी तथा विद्यार्थी हित समितिअन्तर्गत वागीश्वरी एकाइ समितिका अध्यक्ष रेजा ज्याख्वको सभापतित्वमा सम्पन्न झ्व भ्वय् कार्यक्रममा तिलागुफा नपा वडा नं ४ का वडाध्यक्ष खड्गराज शाही, शिक्षक धनेशराज राजोपाध्याय र कक्षा ८ की विद्यार्थी निशा थापाले पनि बोल्नुभयो ।

---

*वागीश्वरी उत्सव...*




ज्याख्वले महोत्सवको सफलताको कामना गर्दै विद्यार्थीलाई पाठ्यपुस्तकमा मात्र सीमित नराखी उनीहरूलाई उद्यमशील, आत्मनिर्भर, व्यावहारिक बन्न उत्प्रेरित गर्ने उद्देश्यले वागीश्वरी महोत्सवको आयोजना गरेको विचार व्यक्त गर्नुभयो ।

कलेज व्यवस्थापन समितिका उपाध्यक्ष मोहनप्रसाद प्रजापतिले उद्घाटनको बेला बेलुन उडाउनुभएको थियो भने प्रमुख अतिथि सुनील प्रजापतिले रिबन काटेर महोत्सव स्थलमा प्रवेश गर्नुभएको थियो । अतिथि, विशेष अतिथिहरूलाई परम्परागत धाँ, धिमाय्, पोङ बाजा बजाई स्वागत गरिएको थियो ।

साथै समापनका दिन यहाँले ‘बागीश्वरी उत्सव, हाम्रो महोत्सव’ राम्रो र सफल भएको बताउनुभयो । उहाँले आगामी दिनमा वागीश्वरीले यस्तै नयाँ नयाँ गतिविधि, क्रियाकलापहरू गर्दै जाने विश्वास व्यक्त गर्दै यस्ता प्रदर्शनी र शैक्षिक कार्यक्रमहरू गर्दै जान सकेको खण्डमा वागीश्वरी अझ राम्रो र नमुना भएर अगाडि बढ्ने आशा व्यक्त गर्नुभयो ।

वागीश्वरी कलेज अफ म्यानेजमेन्टका प्राचार्य कृष्णप्रसाद धन्छाले वागीश्वरी सर्कलले पाठ्यपुस्तकबाहेक समाज र देशको भविष्यसँग जोडिएका कार्यक्रमहरू गरेर विद्यार्थीलाई दीक्षित गर्ने काम पनि गरिरहेको बताउनुभयो ।

वागीश्वरी माविका प्रअ कृष्णप्रसाद कर्माचार्यले वागीश्वरी महोत्सव समापन समारोहलाई सफल पार्न सम्पूर्ण सहयोगी हातहरूलाई हार्दिक धन्यवाद दिँदै महोत्सवले भक्तपुर नगरपालिकाले आयोजना गरेको भक्तपुर महोत्सवको प्रचारप्रसारमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

वागीश्वरी कलेज अफ म्यानेजमेन्टका प्राचार्य कृष्णप्रसाद धन्छाको सभापतित्वमा भएको उक्त उद्घाटन कार्यक्रममा महोत्सव आयोजक समितिका संयोजक अविना श्रेष्ठले स्वागत मन्तव्य राख्नुभएको थियो ।

प्रअ कृष्णप्रसाद कर्माचार्यको सभापतित्वमा सम्पन्न उक्त समापन समारोहमा उद्यमशीलतासम्बन्धी स्टार्टअप स्टल, खाद्य परिकार फुड स्टल, विज्ञान प्रविधि (रोवोटिक्स) स्टल, शैक्षिक, स्वास्थ्य, टेक्स, पुस्तक प्रदर्शनी, मनोरञ्जनलगायत लगाएत ५७ वटा प्रतियोगी प्रदर्शनी स्टलहरू र ५ वटा प्रदर्शन स्टलहरू गरी जम्मा ६२ वटा स्टलहरू प्रदर्शनमा राखिएका छन् । उक्त उत्सवमा कोदोको मःमः, बारा, बर्गर, योमरी, सम्येबजी आदि खाद्य परिकारहरू रहेका छन् । भादगाउँले टोपी, पाल्पाली ढाकाटोपी उलन, पञ्जा, टोपी, किरिन्ज, टिसर्ट, घ्यु मह, स्नाक्स, रोबोर्ट, भ्वाइसकमान्ड, इलेक्ट्रोनिक्स उपकरणहरू आकर्षक चित्रकला, माटोका सामग्रीहरू, बाजागाजा विभिन्न हाइवेट (पुलका नमुनाहरू) आदि प्रदर्शनीमा राखिएका छन् ।

महोत्सव बिहान १० बजेदेखि ५ बजेसम्म गरी २ दिन चलेको थियो । अवलोकनकर्ता प्रत्येक सय जनामध्ये एक जनालाई गोलाप्रथाबाट र ४५ जनालाई उपहार प्रदान गरिएको थियो ।

महोत्सवमा वाग्मती प्रदेशसभाका सदस्यद्वय सुरेन्द्रराज गोसाई र सिर्जना सैंजूसहित विद्यार्थी निकेतन मावि, पारागन ई. स्कूल, समाज सुधार मावि, ब्रह्मायणी आवि, आदर्श आजाद मावि, पञ्चकन्या मावि, सरस्वती विद्यागृह मावि, बासु मावि, एसओएस काभ्रे, ख्वप पोलिटेक्निक नर्सिङ, मोर्डन ई. स्कूल, मेधा मावि, गणेश मावि सिपाडोललगायतका छिमेकी विद्यालयका शिक्षक विद्यार्थीहरू महोत्सव अवलोकन गरेको बताइएको छ ।

## फोटो फिचर

शिक्षा विकास निर्देशनालय हेटौडाको आयोजना तथा शिक्षा विकास तथा समन्वय इकाइको संयोजनमा भएको माध्यमिक विद्यालयहरूको जिल्ला स्तरीय शैक्षिक प्रदर्शनी-२०८१ मा तृतीय स्थान प्राप्त ।



भक्तपुर नगरपालिका वडा नं ९मा सञ्चालित सामुदायिक विद्यालयस्तरीय मैत्रीपूर्ण बाघचाल प्रतियोगितामा विजइ भएका विद्यार्थीहरू





महेश्वरी खेल मैदान स्थित, भक्तपुर युवा टीमद्वारा आयोजित व्यापार मेलामा वागीश्वरी मा.वि.मा अध्ययनरत तथा Voice of Bagiswori विजेता विद्यार्थीहरूले आफ्नो प्रतिभा प्रस्तुत पस्चात प्रशंसा पत्र ग्रहण गर्दै



सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.द्वारा आयोजित अन्तरविद्यालय तथा सहकारी हाजिरी जवाफ प्रतियोगितामा दोस्रो स्थान प्राप्त ।



इनस्योसद्वारा हेटौडामा आयोजित २४ महिने प्रि- डिप्लोमा (Apprenticeship) सिभिल इन्जिनियरिङमा व्याच २०८०-८१ का विद्यार्थीहरू बिच भएको स्कील कम्पिटिसन, विल्डिङ ड्रइङ प्रतियोगितामा राधिका बेकोजु प्रथम तथा Brick Laying प्रतियोगितामा सुन्दर दुवाल दोस्रो हुन सफल भएका छन् ।





# 'वागीश्वरी उत्सव, हाम्रो महोत्सव' बारे हाम्रो अनुभव

## (कला र शिल्प स्टल)

### हाम्रो अनुभव परिचय

उत्सव भनेपछि जो कोहीको मनमा उमङ्ग र उत्साह भरिन्छ । त्यस्तै वागीश्वरी कलेज, वागीश्वरी माध्यमिक विद्यालय र वागीश्वरी कलेज अफ म्यानेजमेन्टको संयुक्त आयोजनामा विद्यार्थीहरूको शिक्षण सिकाइ, विज्ञान प्रविधि र उद्यमशीलताको भावना उजागर गर्न आयोजित दुईदिने 'वागीश्वरी उत्सव हाम्रो महोत्सव' २०८१ ले हाम्रो मनमा गहिरो उत्सुकता पैदा गराएको थियो । उत्सवको चर्चा चल्न थालेपछि नै हामी साथीहरू यसबारे कुरा गर्दै त्यो दिन चाँडै आए हुन्थ्यो भन्ने मनसाय राखेका थियौँ।

### स्टलको विविधता

उत्सवको दिन हामी हर्ष र उल्लासका साथ विद्यालयको गेटभित्र प्रवेश गर्यौं। हामीलाई मौलिक बाजाका ध्वनिले स्वागत गर्यो, जसले हाम्रो मनमा बेग्लै प्रकारको उत्साह भरेको अनुभव भयो । उत्सवको माहोल साँच्चै रोमाञ्चक थियो । रङ्गीचङ्गी सजावटले सिँगारिएका स्टलहरूको चहलपहलले हाम्रो मन लोभ्यायो ।

उद्यमशीलतासम्बन्धी स्टार्टअप स्टल, खाद्य परिकार फुड स्टल, विज्ञान प्रविधि (रोवोटिक) स्टल, शैक्षिक, स्वास्थ्य, पुस्तक प्रदर्शनी, टेक्स, मनोरञ्जनलगायतका ६२ वटा स्टलहरू सजिसजावटका साथ राखिएको थियो । यी स्टलहरूले विविध ज्ञान, मनोरञ्जन र रचनात्मकता एकै साथ प्रस्तुत गरेका थिए । साथै अवलोकनकर्ता प्रत्येक सय जनामध्ये एक जनालाई गोलाप्रथाबाट उपहार प्रदान गर्ने व्यवस्था पनि थियो ।

### कलाकृतिको स्टल

हरेक स्थानमा राखिएका स्टलहरूले आफ्नै विशेषता प्रस्तुत गर्दै दर्शकहरूको ध्यान तानिरहेको थियो । विशेष गरी कला र शिल्प स्टलले हामीलाई आकर्षित गऱ्यो । स्टलभरि राखिएका सुन्दर चित्र, मूर्ति र अन्य कलात्मक सामग्रीहरूले हामीलाई निकै मोहित तुल्यायो, एउटा चित्रमा गाउँको हरियाली वातावरण, खेतबारी, खरले छाएको घर र छेउबाट बगेको खोलालाई यत्ति आकर्षक ढङ्गले चित्रण गरिएको थियो कि त्यो हेर्दा हामी हाम्रो गाउँको यादमा हराएका थियौँ।

त्यहाँको अर्को आकर्षण चरा घोडा र फूलको चित्र थियो । त्यो चित्र यति जीवन्त थियो कि हाम्रो एक जना साथीले सोध्यो, "यो वास्तवमै चित्र हो कि कुनै तस्बिरबाट प्रिन्ट गरिएको हो ?" मण्डलाको




डिजाइनले पनि हामीलाई अचम्ममा पारेको थियो । माटाका सामग्रीहरू देख्दा यस्तो लाग्यो त्यो कुनै व्यावसायिक कलाकारले नै बनाएका हुन् ।

माटामा कुँदिएको ढिकीमा अन्न कुटिरहेको दृश्य, पुरानो सिक्का, खेतबारीमा काम गरिरहेको चित्रणले नेपाली जीवन-शैलीको झलक दिएका थिए ।

त्यसैगरी, गौतम बुद्ध र चार्ली च्याप्लिनको पोट्रेटले पनि हाम्रो मन लोभ्याएको थियो । चित्रले यत्ति वास्तविकताको आभास दिइरहेको थियो कि हामीले वास्तविक व्यक्ति र चित्रमा कुनै भिन्नता छुट्याउन सकेनौँ। फरक यत्ति थियो चित्रमा भने प्राण थिएन । साथै कुमारीको चित्रले पनि नेपाली संस्कृति उजागर गरिरहेको थियो । यी कलाकृतिले कलाकारप्रतिको हाम्रो सम्मान झन् बढायो ।

### अन्य स्टलको अनुभव

फेस पेन्टिङ् स्टलमा पनि हाम्रो उपस्थिति रह्यो । यो विशेष गरी बालबालिकाको माझ धेरै लोकप्रिय रहेको पायौँ । विज्ञान प्रविधि स्टलमा हामीले विभिन्न रोबोटिक सामग्रीको प्रदर्शन देख्यौँ । फुड स्टलमा परम्परागत परिकार खाँदा त्यहाँको स्वादले हाम्रो मन प्रफुल्लित बनायो । त्यस्तै स्टार्टअप स्टलमा हामीले बुनाइकन सामग्रीहरू किन्यौँ । साथीहरूसँग उत्साह साट्दै हामी हरेक स्टलमा रमाइलो अनुभव गर्दै अघि बढ्यौँ ।

### उत्सवले दिएको प्रेरणा

समग्रमा, यो उत्सव केवल रमाइलोको माध्यम मात्र थिएन, यसले हामीलाई सिक्ने, नयाँ अनुभव लिने र उद्यमशीलको भावना जगाउने अवसर प्रदान गर्यो । विशेषगरी कला र शिल्प स्टलमा बटुलेको अनुभवले हामीलाई केही सिर्जनशील कार्य गर्न प्रेरित गर्यो । हामीले कला, संस्कृति र सीपका अनौठा पक्षहरू नजिकबाट अनुभव गर्ने मौका पायौँ, यो उत्सव हाम्रो लागि नयाँ अनुभव र ज्ञानले भरिएको थियो । हरेकको अनुहारमा खुसी झल्किरहेको थियो ।

विद्यार्थीलाई पाठ्यपुस्तकमा मात्र सीमित नराखी उनीहरूलाई उद्यमशील, आत्मनिर्भर, व्यावहारिक बन्न उत्प्रेरित गर्ने उद्देश्यले आयोजना गरिएको यस उत्सवमा सहभागी हुने मौका पाएकोमा हामी निकै गौरवान्वित महसुस गरिरहेका छौँ ।



## 'वागीश्वरी उत्सव, हाम्रो महोत्सव' मा सहभागी भएका स्टल तथा स्टल प्रतिनिधिहरूको नामावली

| S.N | Name of Stalls | Leader | memeber |
|---|---|---|---|
| | Art and Carft Stalls | | |
| 1. | Face Painting | Anuska Shrestha | 6 |
| 2. | The Creative Corner | Debansh Manandhar | 9 |
| 3. | You Choose, We make | Archana Chaudhary | 6 |
| | Food Stalls | | |
| 4. | Open Momo | Bhuvan Senctury | |
| 5. | Kodo ko Momo | Archana Shakhakarmi | 5 |
| 6. | Newari Stall (Yomari) | Raj Kusma | 4 |
| 7. | Newa Stall(Samay Baji) | Sworna Prajapati | 6 |
| 8. | Mushroom Corner | Resha Basi | 5 |
| 9. | Potato Tornedo | Subash Tamang | 5 |
| 10. | Potato Hub (POL) | Suyog Sapkota | 3 |
| 11. | Chatt Chakna pan pataka | Kopila Shrestha | 10 |
| 12. | Quick treat | Jenisha Bade Shrestha | 9 |
| 13. | Badu Khurma | Nirajan Baduwal | 4 |
| 14. | Praksha Bara Burger | Binisha Duwal | 7 |
| 15. | Rustic Fries | Trisha Suwal | 5 |
| 16. | Chips and Dips | Shristi Kayastha | 4 |
| 17. | Premium shakes and juice | Ubik Budhathoki | 3 |
| | Game Stall | | |
| 18. | Luck Zone | Isana Marikhu | 3 |
| 19. | Game hub | Kapil Shrestha | 5 |
| 20. | Carnival Shooting Game | Sawan Suwal | 5 |
| 21. | Multiple Gaming sphere | Sugam Sapkota | 4 |
| 22. | The Science Arcade | Gaurav Shahi | 3 |
| 23. | Buzz Wire Game | Bimu Nakhan | 3 |
| 24. | Hit the hummer | Bipin Chaulagain | 4 |
| | Science Friction | | |
| 25. | IVF (Test tube baby) | Priyansi Kumari Chaudhary | 3 |
| 26. | Future Fantasies | Urmila Tamang | 4 |
| 27. | Virtual Chemistry | Nischal Chhukam | 5 |
| 28. | Project Venom | Ronish Shrestha | 3 |
| 29. | Robotics | Aaditya Thakur | 3 |
| 30. | Air Pollution Control | Bikash Math | 4 |
| | Start Up Stalls | | |
| 31. | Liquid Soap Shop | Samjhana Tamang | 3 |
| 32. | The Pickle Pot | Dipika Adhikary | 4 |
| 33. | Fabric Reimagine | Ujjwola Gosain | 2 |
| 34. | Khumhu Organics | Ujjwol Karki | 4 |
| 35. | Pahal Prakriti (featuring SM HUB &Ren Crochets) | Renuka Maiya Prajapati | 3 |
| 36. | Cultural Printed t-shirt | Salina Awal | 3 |
| 37. | Kytso Crafts | Kripa Prajapati | 2 |
| 38. | Handmade Wonders | Nistha Kayastha | |
| 39. | Koseli | Roshani Bhadel | 3 |
| 40. | Crocet your style | Puja Duwal | 3 |
| 41. | Play Learn and Buy | Saroja Kisi | 4 |
| 42. | Yarnie Makers | Aakriti Nhemaphuki | 2 |
| 43. | The Cozy crocheters | Aarati Bastakoti | 3 |
| 44. | Keyrings | Saijana Shrestha | 2 |
| 45. | US Handicraft collection | Alisha Shilpakar | 2 |
| 46. | Chino Stall | Rozi Prajapati | 4 |
| 47. | Craft me to the moon | Sarina bade | 2 |
| 48. | AAB art and Crafts | Anil Mahato | 3 |
| | TECS Stall | | |
| 49. | Elements of road in hill area | Bipasa Poudel | 3 |
| 50. | Fly over bridge | Anisha Mananshar | 6 |
| 51. | Arch Bridge | Niraj Jigmee Yonjan | 5 |
| | Thrift Stall | | |
| 52. | Ksus Thrift collection | Susana Kurung | |
| | Education Pedagogy Stall | | |
| 53. | Tolsmen Theory | Mukunda Rokaya | 5 |
| 54. | Pavlov's Theory | Prakash Rokaya | 5 |
| 55. | Lesson Plan | Sujata Dhital | 5 |
| | Health Stall | | |
| 56. | Health Care | Isha Shrestha | 5 |
| | Display only ( Not For Competition | | |
| 57. | Musical Instrumentals Display | Sagun Bhanchha | 4 |
| 58. | Shield and prize display | | |
| 59. | Book Stall | Ratna Shova Phaiju | 2 |
| 60. | Glory of Bagiswori | | |
| 61. | Dhoko Craft | | |
| 62. | Bhadgaon tope | Madhu Shrestha | |

# वागीश्वरी स्तरीय खेलकुद प्रतियोगिता २०८१

## २०८१ पौष १ देखि ३ सम्म

**Badminton (Boys and Girls)**

| Students Name | Class | Position |
|---|---|---|
| Sibik Jyakhwo | 12 | 1 |
| Vijan Rai | DCE 5th | 2 |
| Dipak Pachhai | 12 | 3 |
| Kritish Pradhan | 12 | 3 |
| Shanta Thami | BBS 4th | 1 |
| Kusum Tamang | 11 | 2 |
| Punam Twanabasu | 11 | 3 |
| Shriti Gainju | 13 | 3 |



**Portball**

| Students Name | Class | Position |
|---|---|---|
| Bitisha Thapa | BA 3rd | Team 1st |
| Shristi Shahi | BA 3rd | |
| Isha Sainju | BA 3rd | |
| Junu Shrestha | BA 3rd | |
| Debaka Karki | BA 3rd | |
| Ashmita Tamang | BA 3rd | |
| Radhika K.C | BA 3rd | |
| Sirjana Koju | BA 3rd | |
| Manjari Tamang | BA 3rd | |

**Portball**

| Students Name | Class | Position |
|---|---|---|
| Isha Yandyo | D 2nd | Team 3rd |
| Aayusha Khadg | D 1st | |
| Shristi Banmala | D1st | |
| Karina Boyaju | D1st | |
| Rana Karki | D3rd | |
| Krisha Gainju | D2nd | |

**Futsal Team 1st**

| Students Name | Class | Position |
|---|---|---|
| Diprasha Basukala | 12 | |
| Prayash kojle | 12 | |
| Rohan Ganaju | 12 | |
| Arshan Khadka | 12 | best player |
| Sujit Basukalat | 12 | best player |
| Subarna Upreti | 12 | |
| Auraj Pariyar | 12 | |

**Futsal**

| Students Name | Class | Position |
|---|---|---|
| Nabin Senchury | 11 | Team 2nd |
| Ranjan Timilsina | 11 | |
| Rome Shyama | 11 | |
| Partat Gole | 11 | |
| Prashant Shrestha | 11 | |
| Bishal Tamang | 11 | |
| Bikram Purkuti | 11 | |

**Portball**

| Students Name | Class | Position |
|---|---|---|
| Anisha Sunuwar | 12 | Team 3rd |
| Rojika Kharbuja | 12 | |
| Rojona Shrestha | 12 | |
| Puja Tamang | 12 | |
| Sophiya Karmachrya | 12 | |
| Jun Gaiju | 12 | |
| Sajina Karki | 12 | |
| Anusha Thapa | 12 | |
| Satishma Dulal | 12 | |

**Futsal**

| Students Name | Class | Position |
|---|---|---|
| Gaurav Shahi | 12 | Team 3rd |
| Saugat Chauguthi | 12 | |
| Ronish Shrestha | 12 | |
| Ram Kumar Bardewa | 12 | |
| Sunil Gothe | 12 | |
| Khagendra Shahi | 12 | |
| Yatis Rokaya | 12 | |

**Chess**

| Students Name | Class | Position |
|---|---|---|
| Sujan Khyaju | BBS | 1st |
| Suyag Sapkota | 11 | 2nd |
| Salon Basukala | 12 | 3rd |
| Bibek Bhele | Pre. Diploma | 3rd |

**Portball**

| Students Name | Class | Position |
|---|---|---|
| Saileja Thapa | 11 | Team 2nd |
| Anita Shrestha | 11 | |
| Redima Sahi | 11 | |
| Sabita Khatri | 11 | |
| Parbati Tamang | 11 | |
| Smita Jimba | 11 | |
| Akriti Gurung | 11 | |
| Anjana Tamang | 12 | |
| Sneha Chaudhary | 12 | |

**Futsal**

| Students Name | Class | Position |
|---|---|---|
| Nirajan Achhami | 12 | Team 3rd |
| Pratap Suniwar | 12 | |
| Rijan Sakhakarmi | 12 | |
| Sudeep Shrestha | 12 | |
| Bishal Chettri | 12 | |
| Nikesh Tamang | 12 | |
| Sandip Magar | 12 | |

**Table Tennis**

| Students Name | Class | Position |
|---|---|---|
| Prasun Phaju | BBS | 1st |
| Suruchi Shrestha | 11 | 2nd |
| Gautam Bista | 12 | 3rd |
| Dhawa Chhering tamang | Pre. Diploma | 3rd |

# भक्तपुर नगरपालिकाद्वारा आयोजना गरेको भक्तपुर महोत्सवमा वागीश्वरी माध्यमिक विद्यालयबाट सहभागी भएका विद्यार्थीहरूको सूची

| |
|---|
| Display 1: |
| Air Pollution Control |
| Class : 11 (Science) |
| Bikash Nath |
| Ritesh kathayat |
| Ramesh Shahi |
| Tabilal Khadka |
| Ranjita Karki |
| Samikshya Nagarkoli |
| Display 2: |
| IVF (Invitro Fertilization) |
| Class: 10 |
| Priyancy Kumari Chaudhary |
| Riya Tamang |
| Manita Magar |
| Display 3: |
| Robotics '09' |
| Class: 12 (Science) |
| Aaditya thakur |
| Raman Junar |

| |
|---|
| Display 4: |
| Virtual Chemistry |
| Class : 12 (Science) |
| Spandan Khyaju |
| Prashun Phoju |
| Nischal Chhukan |
| Dawa Chhiring Tamang |
| Ankit Gosai |
| Display 5: |
| Speech Core |
| Class : 12 (Science) |
| Ronish Shrestha |
| Evanjali Moktan |
| Saugat Chauguthi |
| Sujita Hyongo |
| Gaurav Shahi |
| Supreme Khatri |






**Best Emerging team**

| |
|---|
| Competition-1 |
| Civil Model : Arch Bridge |
| Class : 10 'G' (civil) |
| Ubik Budhathoki |
| Niraj Jigme Yongn |
| Tapendra koirala |
| Suman Achhami |
| Sandesh K.C |
| Competition -2 |
| Fly overhead Bridges |
| Class : 10 'G' (civil) |
| Nruta Pandey |
| Maunata Yonjan |
| Sahara Thapamagar |
| Suhmita khadka |
| AnishaManandhar |
| Sonika Tamang |

प्रकाशक: वागीश्वरी कलेज स्नातक तह प्रथम वर्ष नेपाली पत्रकारिताका विद्यार्थी, कार्यालय: वागीश्वरी कलेज, फोन नं.: ६६१८३१९, www.bagiswori college.com.np, Email:bagiswori college072@gmail.com, कम्प्युटर: रोशनी श्रेष्ठ , मुद्रक: इन्द्रेणी छापाखाना, मिबाछें